राप्ती सोनारी गाउँपालिका

# राप्ती सोनारी गाउँपालिकाको राप्ती सोनारी गाउँपालिकाको नगर प्रहरी ऐन, २०८२

भाग २ खण्ड १० संख्या 0१ प्रथम पटक सभाबाट संशोधन मिति :२०८३।०३।२७

स्थनीय राजपत्र

राप्ती सोनारी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, अगैया,

बाँके जिल्ला

लुम्बिनी प्रदेश, नेपाल २०८३

**गाउँ सभाबाट स्वीकृत मिति: २०८२।०३।१०**
**प्रमाणीकरण मिति:२०८२।४।०९**
**प्रथम पटक सभाबाट संशोधन मिति : २०८३।०३।२७**
**संशोधन प्रमाणीकरण मिति : २०८३।०३।३१**

**प्रस्तावना :**

नेपालको संविधानको अनुसूची ८ को क्र.सं १ को क्षेत्राधिकार भित्र रही स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा **२ क (१)** ले दिएको अधिकार प्रयोग गरी नगर प्रहरीको गठन, सञ्चालन, व्यस्थापन,  तथा नगर प्रहरी सम्बन्धी नीति, कानून र मापदण्डको निर्माण तथा कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

राप्ती सोनारी गाउँपालिकाको गाउँ सभाले राप्ती सोनारी गाउँपालिकाको "नगर प्रहरी ऐन २०८२", बनाएको छ।

## परिच्छेद –१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम "राप्ती सोनारी गाउँपालिकाको नगर प्रहरी ऐन, २०८२" रहेको छ।

(२) यो ऐन गाउँपालिकाको गाउँसभाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ।

**२. परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) "ऐन" भन्नाले राप्ती सोनारी गाउँपालिकाको  नगर प्रहरी ऐन, २०८२ लाई सम्झनु पर्दछ।

ख) "गाउँपालिका"  भन्नाले राप्ती सोनारी  गाउँपालिकालाई सम्झनु पर्दछ।

ग) "मुख्य कार्यालय" भन्नाले गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

घ) "समिति" भन्नाले राप्ती सोनारी  गाउँपालिकाको पदपूर्ति समितिलाई सम्झनु पर्दछ।

ङ) "नगर प्रहरी" भन्नाले राप्ती सोनारी  गाउँपालिकाबाट नियुक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ।

च) "करार पद" भन्नाले म्याद तोकिएको गाउँपालिकाको सभाद्धारा स्वीकृत करार पदलाई सम्झनु पर्दछ।

छ) "परिवार" भन्नाले नगर प्रहरी कर्मचारीसँग बस्ने तथा निज आफैले पालनपोषण गर्नुपर्ने कर्मचारीको पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र,  अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्दछ र सो शब्दले पुरुष प्रहरीको हकमा निजको बाजे,बज्यै तथा महिला नगर प्रहरीको   हकमा निजको सासु ससुरा समेत जनाउँछ।

ज)"भत्ता" भन्नाले राप्ती सोनारी  गाउँपालिकाले समय समयमा तोकिदिए बमोजिमको भत्तालाई सम्झनु पर्दछ।

झ) "आर्थिक वर्ष" भन्नाले श्रावण १ गते देखि शुरु भई अषाढ मसान्तमा  समाप्त हुने अवधिलाई सम्झनु पर्दछ।

ञ)"कार्यपालिका" भन्नले राप्ती सोनारी  गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ।

ट) "सभा"भन्नाले राप्ती सोनारी  गाउँपालिकाको गाउँसभा सम्झनु पर्दछ।

ठ) "अध्यक्ष" भन्नाले राप्ती सोनारी  गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

ड) “उपाध्यक्ष” भन्नाले राप्ती सोनारी  गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ।

ढ) “प्रमुख प्रशासाकीय अधिकृत” भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न नेपाल सरकारबाट खटाईएको अधिकृतलाई सम्झनु पर्दछ।

ण) “तोकिएको वा “तोकिए बमोजिम” भन्नाले गाउँपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

त) “जवान” भन्नाले अधिकृत बाहेकका प्रहरी जवान सम्झनु पर्छ।

थ) “नगर प्रहरी कर्मचारी” भन्नाले नगर प्रहरी अधिकृत र जवानलाई समझनु पर्छ।

**३. ऐनको व्याख्या गाउँपालिकाले गर्नेः-**

(१) कुनै अधिकारीले यस ऐनको प्रयोग गर्दा नगर प्रहरी कर्मचारीलाई मर्का परेमा निजले गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) को सम्बन्धमा गाउँपालिकाले निवेदन परेको मितिले ३० दिन भित्र निर्णय गरीसक्नु पर्नेछ।

## परिच्छेद २
## नगर प्रहरी सेवा गठन रेखदेख र नियन्त्रण

**४.नगर प्रहरी सेवाको गठन :**

(१) राप्ती सोनारी गाउँपालिकामा एक नगर प्रहरी सेवा रहने छ।

(२) गाउँपालिकाको नीति, कानुन, मापदण्ड, कार्यान्वयन गर्न सुरक्षा र संरक्षण, व्यवस्थापन, नियन्त्रण, खोजी, उद्धार, राहत तथा पुनस्र्थापना एवंम् नेपाल सरकारको कार्य विस्तृतीकरण बमोजिम नगर प्रहरीसंग सम्बन्धित अधिकार प्रयोग गरि गाउँ कार्यपालिकाले तोकेको अन्य कार्य गर्नका लागि एक राप्ती सोनारी नगर प्रहरी सेवा रहनेछ।

(३) नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरी कर्मचारीहरुको सङ्ख्या पद र तह गाउँ सभाबाट स्वीकृत संगठन संरचना बमोजिम हुने छ। गाउँपालिकाको सभाबाट स्वीकृत नभए सम्मका लागि कार्यपालिकाले करारमा पदपूर्ति गर्न अस्थायी दरबन्दी सिर्जना गर्न सक्ने छ।

**५.  गाउँपालिकामा रहने नगर प्रहरीको पद र तह** :

(१) दफा ४(३) बमोजिमको दरबन्दी सिर्जना गर्दा देहाय बमोजिमका पदहरु कायम हुन सक्नेछन्।

क) नगर प्रहरी नायब निरीक्षक- १ जना

ख) नगर प्रहरी सहायक निरिक्षक -१ जना

ग) नगर प्रहरी हवल्दार -   २ जना

घ) नगर प्रहरी जवान -   ७ जना

(२) गाउँपालिकाले प्रत्येक पदको कार्य विवरण बनाउनेछ र त्यस्तो कार्य विवरणमा सम्बन्धित पदको काम कर्तब्य उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ।

(३) नगर प्रहरी प्रमुख लगायत नगर प्रहरी कर्मचारीहरुको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद –३

## नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

**६. नगर प्रहरीको काम, कर्तव्य र अधिकारः** देहायको कार्यमा सहयोग पुऱ्याउनको लागि गाउँपालिकाले नगर प्रहरीको परिचालन गर्न सक्नेछः

क) गाउँपालिकाको नीति कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्ने/गराउने

ख) गाउँपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने।

ग) स्थानीय सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन गर्ने।

घ) स्थानीय बजार तथा पार्किङ स्थलको रेखदेख र व्यवस्थापन गर्ने।

ङ) गाउँ सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन गर्ने।

च) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन गर्ने र गराउने।

छ) सार्वजनिक, ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षाको प्रवन्ध गर्ने।

ज) विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनस्थापना कार्यमा खटिई आवश्यक कार्य गर्ने।

झ) अनाधिकृत विज्ञापन तथा होडिङ्ग बोर्ड नियन्त्रण गर्ने।

ञ) छाडा पशु चौपायको नियन्त्रण गर्ने।

ट) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्तिको अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने।

ठ) सार्वजनिक आवागमनमा बाधा पुऱ्याई राखेका निर्माण सामाग्री पसल व्यावसायबाट भएको अवरोध हटाउन लगाउने नमानेमा आफै हटाई हटाउन लाग्ने खर्च सम्बन्धित व्यक्तिबाट असुल उपर गर्न पेश गर्ने।

ड) सार्वजनिक जग्गा बाटो मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी, मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन निरीक्षण गर्ने। प्रतिवेदन पेश गर्ने र आदेश अनुसार भत्काउने।

ढ) गाउँपालिका क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्सापास भए नक्सापासको प्रमाण पत्र सहितको प्रतिवेदन कानून शाखा मार्फत प्रमुख समक्ष पेश गर्ने। मापदण्ड विपरीत निर्माण भएको देखिएमा भत्काउने आदेश दिएमा भत्काउने।

ण) स्वास्थ्यका लागि हानिकार चिज तथा सडेगलेको खाद्य पदार्थ विक्री वितरण रोक लगाउने तोकिएको मापदण्ड विपरित सडेगलेको हानिकार चिज वस्तु विक्री गरेको पाइएमा पहिलो पटकमा भए जफत गरी गाड्न लगाउने। पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गर्न लगाउने

त) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जिवजन्तहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जिवजन्तुका मासु बिक्री वितरणमा रोक लगाउने। अटेर गरेमा जफत गरी नष्ट गर्ने। साथै जरिवाना समेत खुलाई राय पेश गर्ने।

थ) छाडा कुकुर नियन्त्रण सम्बन्धी कारवाही गर्ने । मरेका जीवजन्तु समयमै गाड्न लगाउने ।

द) खतरा उत्पन्न हुने रुख काट्न लगाउने । जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने ।

ध) वडा समिति, टोल सुधार समिति, तथा नेपाल प्रहरीसँगको सहकार्यमा सरसफाई,सुरक्षा र सामाजीक विकृति हटाउने कार्य गर्ने गराउने ।

न) ईजाजत विना पेशा, व्यावसाय गरेको फेला परेमा पेशा व्यावसाय दर्ता-नविकरण गर्न लगाउने ।

प) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, मसाज पार्लर जस्ता गतिविधिहरुको निरीक्षण गर्ने । मापदण्ड अनुरुप नचलेको पाईएमा कारवाहीको लागि पेश गर्ने ।

फ) गाउँपालिका क्षेत्र भित्र सार्वजनिक स्थलमा जादु, सर्कस जुवा लगायतका विकृती जन्य क्रियाकलापमा रोक लगाउने ।

ब) राप्ती सोनारी  गाउँपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्था गर्ने, त्यस्तो व्यापारीहरुको लगत राख्ने ।

भ) अरुलाई वाधा पुग्ने गरी लाउड स्पिकर,  रेडियो अथवा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने ।

म) बजारमा ध्वनी, धुवाँ, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा वाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने ।

य) एम्बुलेन्सलाई २४  सै घण्टा चुस्त दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त राहत कार्यमा सहयोग पुर्‍याउने ।

र) माथी तोकिए बमोजिमका कार्यहरु समन्वय गरी जिम्मेवारी  लिई जवाफदेहिता समेत बहन गर्ने ।

ल) गाउँपालिकाले तोकेको भौतिक पूर्वाधार निर्माणसँग सम्बन्धीत कार्यहरु एंव अन्य कार्यहरु गर्ने गराउने ।

व) स्थानीय बिद्यालयहरुमा पठनपाठन कार्यमा सहयोग पुर्‍याउने ।

श) पर्यावरण संरक्षण कार्यमा सरिक हुनुका साथै जनचेतनामूलक कार्य गर्ने ।

ष) नदीजन्य पदार्थको अवैधानिक उत्खनन्, भण्डारण, विक्री वितरण र निकासीलाई नियन्त्रण गर्ने तथा स्थानीय श्रोत परिचालनमा सहयोग एवं जमीनको अधिकतम उपयोग गर्न सकृय हुने ।

स) महिला तथा घरेलु हिसां, कुरिति, कुसंस्कार बिरुद्ध जनचेतना संचालन गर्ने ।

ह) स्थानीय सरकारको विनियोजित बजेट र योजनाको प्राप्त जिम्मेवारी अनुसार सम्पन्न गर्ने ।

क्ष) गाउँपालिकाले सञ्चालन गर्ने आर्थिक उत्पादनका परियोजनाहरुमा आवश्यक जनशक्ति पूर्ति गर्ने र कार्य सञ्चालन गर्ने ।

त्र) समाजमा हुने रक्सि जाँड, महिला हिंसा, चोरी डकैती, लागु औषध प्रयोग तथा उत्पादन रोक्न भूमिका खेल्ने ।

ज्ञ) तोकिए बमोजिम जनसेवा,  सामूहिक श्रम, उद्यमशीलता आदिमा सरिक हुने साथै गाउँपालिका प्रमुख प्रशासकीय अधिकृतले तोकेका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद –४
## तह विभाजन र पदपूर्ति

**७. स्थायी पद सिर्जना गर्न नपाईने:**

(१) गाउँपालिकामा रहने नगर प्रहरी को लागि स्थायी पद सिर्जना गर्न पाईने छैन।

(२)गाउँपालिकाको लागि आवश्यक नगर प्रहरी खुला प्रतिस्पर्धाको आधारमा सेवा करारमा पूर्ण वा आंशिक रुपमा पारिश्रमिक पाउने गरी भर्ना गरिनेछ।

(३) उपदफा (२) बमोजिम नगर प्रहरीको पद सिर्जनाका लागि प्रस्ताव पेश गर्दा संख्या र पदमा रहने नगर प्रहरीका विभिन्न तहका दरवन्दीहरुको श्रृजना गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ।

(४) गाउँसभामा पद श्रृजना तथा खारेजका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद श्रृजना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौजुदा दरबन्दीले थप गरेको कार्यबोझ सम्हाल्न सक्ने नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गरी सभा समक्ष पेश गर्नु पर्नेछ।

(५) नगर प्रहरीको देहायका पदहरु खुल्ला प्रतियोगिताद्धारा पूर्ति गरी पूर्ण वा आंशिक रुपमा पारिश्रमिक पाउने गरी सेवा करारमा नियुक्ति हुनेछन्

(क) नगर प्रहरी नायब निरीक्षक
(ख) नगर प्रहरी सहायक निरिक्षक
(ग) नगर प्रहरी हवल्दार
(घ) नगर प्रहरी जवान

**८. नियुक्ति गर्ने अधिकारी:** पदपूर्ति समितिको सिफारिसमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरी नियुक्ती गर्नेछ

९. **पदपुर्ति गर्ने तरिका:**

क) नगर प्रहरी नायब निरीक्षक पदमा खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गरिनेछ।
ख) नगर प्रहरी सहायक निरीक्षक पदमा खुल्ला प्रतियोगिताद्वारा पदपुर्ति गरिनेछ।
ग) नगर प्रहरी जवान पदमा शत प्रतिशत खुल्ला प्रतियोगिताद्वारा पदपुर्ति गरिनेछ।

**१०) पदपूर्तिका लागि प्रतिशत निर्धारण :**

(१) खुल्ला प्रतियोगिताद्वारा पदपुर्ति गरिने पद मध्ये कुल रिक्त पदको ५० प्रतिशत खुल्ला तर्फ निर्धारण गरि बाँकीलाई शत प्रतिशत मानी देहाय बमोजिम प्रतिशतको निर्धारण गरि पदपूर्ति गर्नुपर्ने छ।

(क) महिला तर्फ २० प्रतिशत
(ख) आदिवासीरजनजाती ३२ प्रतिशत
(ग) मधेशी तर्फ २८ प्रतिशत
(घ) दलित तर्फ १५ प्रतिशत

(ङ) मुस्लिम र पिछडिएको क्षेत्र ५ प्रतिशत

**स्पष्टीकरण**

(क) यस नियमावलीको प्रयोजनको लागि पिछडिएको क्षेत्र भन्नाले अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनु पर्छ ।

(ख) यस नियमावलीको खण्ड (क, ख, ग, घ र ङ) को प्रयोजनको लागि महिला आदिवासी, जनजाती, मधेसी र दलित भन्नाले आर्थिक र सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी÷जनजाति, मधेसी र दलितलाई सम्झनु पर्छ

ग) आदिवासी जनजातिको सूचीमा स्पष्ट खुलेको जाति वाहेक अन्यको हकमा आदिवासी÷जनजातिका लागि नेपाल आदिवासी÷जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट आदिवासी÷जनजाति भनी प्रमाणित भएको ।

घ) दलितका लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै पनि आरक्षण पदमा दरखास्त नपरेमा वा उपयुक्त उम्मेद्वार छनौट हुन नसकेमा त्यस्तो सिटलाई सोही बिज्ञापनमा खुल्ला तर्फ परिणत गरि पदपूर्ति गरिनेछ ।

(३) प्रतिशत निर्धारण गर्दा दशमलव पछिको अँकलाई क्रमश: तल्लो समुहमा जोड गरी मिलान गरिनेछ ।

**११ . खुल्ला प्रतियोगितामा भाग लिन सक्ने व्यक्तिहरुः**

(१) नगर प्रहरी नायब निरीक्षक, नगर प्रहरी सहायक निरीक्षक, नगर प्रहरी हवल्दार र नगर प्रहरी जवान पदको लागि हुने खुल्ला प्रतियोगितामा निम्नलिखित योग्यता भएका व्यक्तिहरुले भाग लिन सक्नेछन्

क) नैतिकपतन देखिने कुनै फौजदारी अभियोग सजाय नपाएको ।

ख) कुनै राजनितिक पार्टीको सदस्य नरहेको ।

ग) मानव अधिकार र मानवीय कानुनको उल्लंघनमा सजाय नपाएको ।

घ) नेपाली नागरिकताको प्रमाणपत्र पाएको ।

**१२. योग्यता एवंम सेवा सुविधा :**

(१) यस नियामावली बमोजिम करार तर्फ पदपूर्तिका लागि देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ ।

(क) उमेर तथा शैक्षिक योग्यता

| क्र.स | पद | उमेर | न्युनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|
| १ | नगर प्रहरी नायब निरीक्षक | २१ वर्ष पुरा भई ५४ वर्ष ननाघेको | नेपाल प्रहरीको प्रहरी नायब निरीक्षक पदबाट सेवा निवृत्त भएको हुनुपर्ने | |
| २ | नगर प्रहरी सहायक निरिक्षक | २१ वर्ष पुरा भई ५४ वर्ष ननाघेको | नेपाल प्रहरीको प्रहरी सहायक निरीक्षक पदबाट सेवा निवृत्त भएको हुनुपर्ने | |
| ३ | नगर प्रहरी हवलदार | २१ वर्ष पुरा भई ५४ वर्ष ननाघेको | नेपाल प्रहरीको प्रहरी हवल्दार पदबाट सेवा निवृत्त भएको हुनुपर्ने | |
| ४ | नगर प्रहरी जवान | १८ बर्ष पुरा भई २२ बर्ष ननाघेको | कम्तीमा ८ कक्षा उतिर्ण | |

(ख) यस दफा बमोजिम पदपूर्ति गर्दा भूतपुर्व प्रहरीबाट पदपूर्ति गर्ने भनि कार्यपालिकाले निर्णय गरेको खण्डमा प्रहरी सहायक निरिक्षक पदका लागि अधिकतम उमेर क्रमश: **४५ बर्ष** हुनुपर्ने छ। **तर ५८ बर्ष उमेर पुगे पछि स्वतः सेवाबाट अलग हुन पर्नेछ।**

(ग) शैक्षिक प्रमाण पत्र पेश गर्दा विदेशी विश्व-विद्यालय वा कलेज स्कुलको हकमा नेपालको मान्यता प्राप्त निकायबाट समकक्षताको प्रमाण पत्र राख्नपर्नेछ।

(घ) भुतपूर्व सेवाबाट पुर्ति गर्ने पदमा शैक्षिक योग्यता लागु हुने छैन।

(ङ) छाती नफुल्लाउँदा घटीमा ३१ ईन्च र फुल्लाउँदा ३३ ईन्च भएको।

(च) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको।

(छ) नेपाली नागरिकताको प्रमाण पत्र भएको।

(ज) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाण पत्र प्राप्त गरेको।

(झ) भु पु सुरक्षाकर्मीलाई पहिलो प्राथमिकता दिइनेछ तथा भु पु सुरक्षाकर्मीको हकमा शैक्षिक योग्यता आवश्यक नहुने।

ञ) नगर प्रहरी नायब निरीक्षक, नगर प्रहरी सहायक निरीक्षक र नगर प्रहरी हवल्दार पदमा नेपाल प्रहरीको समान पदबाट अवकास/सेवा निवृत्त भएको हुनुपर्ने छ। तर यसअघि माथि उल्लिखित पदहरूमा नियुक्ति भएका नगर प्रहरी कर्मचारीको हकमा यो दफाले बाधा पार्ने छैन।

**(२) नगर प्रहरी हवल्दार पदको आवश्यक योग्यता देहाय अनुसार हुनेछ।**

(क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट १० कक्षा वा सो सरह उत्तीर्ण गरेको।

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाँय नपाएको।

(घ) महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई भएको।

(ङ) छाती नफुल्लाउँदा घटीमा ३१ ईन्च र फुल्लाउँदा ३३ ईन्च भएको।

(च) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको।

(छ) नेपाली नागरिकताको प्रमाण पत्र भएको।

(ज) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाण पत्र प्राप्त गरेको।

(झ) भु पु सुरक्षकर्मीलाई पहिलो प्राथमिकता दिइनेछ। भु पु सुरक्षाकर्मीको हकमा शैक्षिक योग्यता आवश्यक नहुने।

**(३) नगर प्रहरी जवानमा खुला प्रक्रियाद्वारा पदपूर्ति गर्दा आवश्यक पर्ने योग्यता देहाय अुनसार हुनेछ।**

(क) दरखास्त आवहान भएको मितिसम्म १८ वर्ष उमेर पूरा भएको २२ वर्ष ननाघेको।

(ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट साधारण लेखपढ ८ (आठ) कक्षाको परीक्षा उत्तीर्ण गरेको।

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको।

(घ) महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई भएको।

(ङ) छाती नफुल्लाउँदा घटीमा ३१ ईन्च र फुल्लाउँदा ३३ ईन्च भएको।

(च) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको।

(छ) नेपाली नागरिकताको प्रमाण पत्र भएको।

(ज) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाण पत्र प्राप्त गरेको।

माथि १ र २ क मा जुनसुकै लेखिएको भएतापनि ४५ बर्ष ननाघेको सेवा निवृत्त भूतपुर्व सुरक्षाकर्मि भए उमेरको कारणबाट सेवा प्रवेशमा बाधा पर्ने छैन

(४) देहायका व्यक्ति यस नियामावली बमोजिम पदपूर्ति प्रक्रियामा भाग लिन योग्य हुने छैन:

(क) गैर नेपाली नागरिक

(ख) नैतिक पतन देखिने गरी कुनै फौजदारी अभियोगमा सजाय पाएको व्यक्ति

(ग) मानसिक सन्तुलन ठिक नभएको व्यक्ति

(घ) तोकिए बमोजिमका सूचना वा सूचना प्रकाशन गर्दा तोकेका अन्य अयोग्य व्यक्ति ।

**१३) परीक्षा र अन्तरवार्ता:**

(१) नगर प्रहरीको लागि खुल्ला प्रतियोगिताद्धारा पदपूर्ति गर्दा सम्वन्धित उम्मेदवारको देहायका विषयमा परीक्षा लिइनेछ,

**क) नगर प्रहरी जवान/हवल्दार/नगर प्रहरी सहायक निरीक्षक /नगर प्रहरी नायब निरीक्षक**

**अ) प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारिरीक तन्दुरुस्ती परीक्षा**

| **इन्भेन्टस** | **३०० मि दौड** | **सिट अप** | **चिन अप** | **पुस अप** | **३.२ कि.मि दौड** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| **पुर्णाङ्क** | **३०** | **१०** | **१०** | **१०** | **४०** | **१००** |
| **उतिर्णाङ्क** | **१२** | **४** | **४** | **४** | **१६** | **४०** |

**आ) लिखित परीक्षा योजना**

| क्र.स | विषय | पूर्णाङ्क |
|---|---|---|
| १ | नेपाली रचना/अंग्रेजी | ५० |
| २ | सामान्यज्ञान र वौद्धिक परीक्षा | ३० |
| ३ | नेपालको संविधान र सेवा सम्वन्धी विषय | २० |
| ४ | शारीरिक तन्दुरुस्ती | १०० |

(ख) दफा १३ (क) वमोजिम लिइने परीक्षाको पाठ्यक्रम निर्धारण र परीक्षा सञ्चालन सम्वन्धी सम्पूर्ण प्रक्रिया पदपूर्ति समितिबाट निर्धारण गरे बमोजिम हुनेछ । परीक्षा सञ्चालन समितिले निर्धारण गरे वमोजिम दफा १३ (क) मा उल्लिखित विषयहरुको एकै पटक वा खण्ड खण्ड गरी परीक्षा संचालन गर्न सकिनेछ त्यसरी संचालित परिक्षामा अनुत्तिर्ण भएका परीक्षार्थीहरुलाई बाँकी खण्डको परीक्षामा सम्मिलित गराइने छैन ।

(ग) दफा १३ (क) वमोजिम लिइएको लिखित परीक्षामा उम्मेदवारले प्रत्येक विषयमा ४० प्रतिशत अंक प्राप्त गरेमा निज सो परीक्षामा उत्तीर्ण भएको मानिनेछ ।

(घ) दफा १३(ग) वमोजिम उत्तीर्ण भएको उम्मेदरवारलाई सम्वन्धित पदपूर्ति समितिबाट देहायका विषयहरुमा ३० पूर्णाङ्कको अन्तरवार्ता लिइनेछ ।

क) उम्मेदरवारको मौखिक/हाउभाउ तथा अभिव्यक्ति - १०

ख) उम्मेदरवारको प्रस्तुतिकरण - ५
ग) विषयगत ज्ञान - १५

**१४. पदपूर्ति समितिः** कार्यपालिकाले तोकेको सँख्यामा नगर प्रहरी करार सेवामा पदपूर्ति गर्न देहाय बमोजिमको पदपूर्ति समिति रहनेछ।

(क) गाउपालिकाको प्रमुख प्रशासकीय अधिकृत - संयोजक
(ख) जिल्ला प्रहरी कार्यालय वा ईलाका प्रहरी कार्यालयको प्रहरी निरिक्षक - सदस्य
(ग) गाउपालिकाको अधिकृतस्तरको कर्मचारी प्रशासनको शाखा प्रमुख - सदस्य सचिव

आवश्यक परेमा पदपुर्ति समितिले अन्य विज्ञ सदस्यहरुलाई समेत आमन्त्रित गर्न सक्नेछ।

**१५. पदपूर्ति समितिको काम, कर्तव्य र अधिकारः**

१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-
क) दफा १०(१) बमोजिम पदपूर्तिको लागि प्रतिशत निर्धारण गर्ने।
ख) खुल्ला प्रतियोगिताद्धारा पूर्ति हुने पदको पाठ्यक्रम निर्धारण गर्ने।
ग) पदपूर्ति कार्यतालिका बनाउने।
घ) परीक्षाको किसिम तोक्ने।
ङ) पदपूर्ति लागि विज्ञापन प्रकाशन गर्ने।
च) परीक्षा संचालन तथा नतिजा प्रकाशन गर्ने।
छ) नियुक्तिका लागि सिफारिश गर्ने।

२) पदपूर्ति समितिले गाउँ प्रहरी सेवा समूहको लागि खुल्ला प्रतियोगिताद्धारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यविधिगत निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ।

३) समावेशी तर्फका पदहरूमा पदपूर्ति हुन नसकेको पदहरू सोहि विज्ञापनको खुला तर्फ कायम हुनेछ।

**१६. योग्यताक्रम सूची तयार गर्नेः**

(१) उम्मेदवारहरुले दिइएको परीक्षा र अन्तवार्तामा प्राप्त गरेको अंकको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्तिका लागि सिफारिस पेश गर्नेछ। कुल पदको बढीमा १० प्रतिशत सम्म योग्यताक्रमनुसार वैकल्पिक उम्मेदवार राखिनेछ,

(२) उपदफा (१) बमोजिम सिफारिस गरिएका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति गर्ने अधिकारी समक्ष नियुक्तिका लागि सिफारिस गर्नेछ।

(३) नियुक्तिको लागि सिफारिस भएको मितिले सात दिनभित्र गाउँपालिकाले नियुक्तिपत्र दिने निर्णय गरी सक्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम निर्णय भएको मितिले सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति पत्र दिनेछ।

**१७. जेष्ठाताक्रम कायम गर्नेः**

(१) नगर प्रहरी सहायक निरीक्षकको जेष्ठताक्रम कायम गर्दा निजहरुले आधारभूत तालिममा प्राप्त गरेको अंकको आधारमा कायम गरिनेछ।

(२) वैकल्पिक उम्मेदवारहरुले ६ महिना सम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ।

**१८. परीक्षणकालमा राखिनेः-**

(१) नयाँ सेवा करारमा नियुक्त गरिएका नगर प्रहरी कर्मचारीलाई सुरुमा पूर्ण वा आंशिक रुपमा पारिश्रमिक पाउने आधारमा बढिमा ६ महिनाको सेवा करार सम्झौता गरिनेछ। सो अवधिमा नगर प्रहरी कर्मचारीले सन्तोषजनक काम नगरेमा नगर प्रहरी प्रमुख र गाउँपालिकाको कर्मचारी प्रशासन शाखा प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले सेवा करार सम्झौता रद्द गर्न सक्नेछ।

**१९. करार नियुक्ति सदरः**

(१) दफा १८ बमोजिमको अवधिमा रहेको नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक भएमा र नगर प्रहरी आधारभूत तालिममा उत्तीर्ण भएमा गाउँपालिकाको झण्डा र राष्ट्रिय झण्डा छुवाई शपथग्रहण गराएर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतबाट करार नियक्ति सदर गरी थप ६ महिनाका लागि करार नियुक्ति दिइनेछ।

(२) यदि कुनै नगर प्रहरीले नियुक्ति नलिएमा वैकल्पिक उम्मेदवारको रुपमा रहेका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति गर्ने अधिकारी समक्ष नियुक्तिका लागि सिफारिस पेश गर्नेछ।

(३) नियुक्तिको लागि सिफारिस भएको मितिले पैतिस दिनभित्र गाउँपालिकाले नियुक्तिपत्र दिने निर्णय गरी सक्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम निर्णय भएको मितिले सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्तिपत्र दिनेछ।

## परिच्छेद–५

## गाउँपालिकाको प्रशासन र नगर प्रहरीको सम्बन्ध

**२०. गाउँपालिकाको प्रशासनको नियन्त्रण रहनेः**

(१) नगर प्रहरीको अनुशासन र आन्तरिक व्यवस्थाको कुरामा बाहेक समस्त नगर प्रहरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिका प्रशासन शाखा तथा अधिकार प्राप्त अधिकारीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन्।

(२) नगर प्रहरी अनुशासन र आन्तरिक खटन पटन सम्बन्धी कार्य सामान्यतया नगर प्रहरी प्रमुखले गर्नेछन्।

(३) उपदफा (२) मा जुनसुकै कुरा उल्लेख भएतापनि सुरक्षा गार्डमा खटिएको कर्मचारीको अनुशासन र आन्तरिक खटन पटन सम्बन्धी कार्य गा प्रशासन शाखा प्रमुखले गर्नेछ।

**२१. कारबाही गर्दा परामर्श लिनेः**

(१) गाउँपालिकाले कुनै पनि अधिकृत तहका नगर प्रहरी कर्मचारीलाई अनुशासनहीनताको कारवाही गर्दा आवश्यकतानुसार नगर प्रहरी प्रमुखको परामर्श लिन सक्नेछ । तर प्रहरी प्रमुखको परामर्श उपयूक्त नदेखिएमा प्रहरी प्रमुखलाई समेत कार्वाहि गर्न सकिनेछ ।

## परिच्छेद–६

## विदा सम्बन्धी व्यवस्था

**२२ .विदा अधिकार नभइ सहुलियत मात्र हुने:**

(१) नगर प्रहरीकर्मचारीले विदालाई अधिकार नभइ सहुलियतको रुपमा बुझ्नुपर्ने छ ।

(२) कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफ्नो तजबिजिबाट विदा दिन अथवा नदिन पनि सक्नेछ । साथै आवश्यक परेमा विदामा बसेका नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ ।

(३) नगरप्रहरीले सहुलियतका रुपमामा महिनाको १ दिनका दरले भैपरी आउने विदा, धार्मिक संस्कार अनुसार १३ दिनको किरिया विदा र ९० दिन सम्मको प्रसुति विदा मात्र सहुलियत पाउनेछन ।

**२३ .विदा स्विकृती नगरी घर वस्ने नगर प्रहरीकर्मचारीलाई सेवाबाट हटाउने:**

क) यस कार्यविधि वमोजिम विदा नलिई नगर प्रहरीकर्मचारी गैर हाजिर हुन पाउने छैन ।

ख) उपदफा (क) को उल्लंघन गरी गैर हाजिर हुने नगर प्रहरीकर्मचारीलाई गाउँकार्यपालिकाले सेवाबाट हटाउन सक्नेछ ।

**२४ . बिदा माग गर्ने विधि:**

(१) विदाको निकासाका निमित्त नगर प्रहरीकर्मचारीले आफूलाई चाहिएको विदाको अवधि र कारण समेत खुलाई शिलशिलेवार मिलाई गाउँपालिकाको प्रशासन शाखाबाट विदाको सिफारिस गरी बिदा दिने अधिकारी समक्ष निवेदन पेश गर्नु पर्नेछ र विदा दिने अधिकारीले पनि बिदा स्वीकृत वा अस्वीकृत भएको सूचना सो नगर प्रहरीकर्मचारीलाई दिनु पर्नेछ।

**२५. विदाको अभिलेख:**

(१)विदा दिने अधिकारीले आफ्नो मातहतका सबै नगर प्रहरीकर्मचारीको विदाको अभिलेख किताव खडा गरी लगत राखी प्रशासन शाखामा ५ दिन भित्र अनिवार्य लिखित जानकारी दिनु पर्नेछ।

## परिच्छेद—७

## आचरण तथा अनुशासन

**२६ . दान उपहार लिन नहुने:** आफ्नो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै पनि नगर प्रहरी र निजको परिवारका सदस्य समेतले गाउँपालिकाको पूर्व स्वीकृत विना स्वदेशी तथा विदेशी संघसंस्था निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली र उपहार स्वीकार गर्नु हुँदैन ।

**२७ . चन्दा लिन नहुने:** कुनै नगर प्रहरी कर्मचारीले गाउँपालिकाको पूर्व स्वीकृति विना कुनै कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुँदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन ।

**२८.सम्पत्तिको विवरण दिनुपर्ने:**

(१) नगर प्रहरी कर्मचारीले नियुक्ति भएको तथा आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र गाउँपालिकाको प्रशासन शाखा समक्ष देहायको सम्पत्तिको विवरण तोकिएको ढाँचामा दाखिला गर्नु पर्नेछ।

(क) आफ्नो वा परिवारको सदस्यको नाममा भएको प्रत्येक अचल सम्पत्ति र शेयर, बैंक मौज्दातको विवरण।

(ख) आफूसँग वा आफ्नो नाउँमा रहेको नगद, जवाहरत, सुन, चाँदीको अन्दाजी मूल्य।

(२) उपदफा (१) बमोजिमको विवरण दाखिला गर्दा संयुक्त परिवारमा रहेको नगर प्रहरी कर्मचारीले आफ्नो परिवारको प्रमुखको नाममा निजसँग रहेको सम्पक्तिको विवरण दाखिला गर्नुपर्नेछ।

(३) आफ्नो सम्पत्तिमा थपघट भएमा अख्तियारवालालाई सोको सूचना तीन महिनाभित्र दिनु प्रत्येक नगर प्रहरी कर्मचारीको कर्तव्य हुनेछ।

**२९. व्यापार व्यावसाय गर्न नहुने:** कुनै नगर प्रहरी कर्मचारीले कार्यालयको स्वीकृति बेगर देहायका काम गर्नु हुँदैनः

(क) कुनै व्यापार गर्न,

(ख) कुनै फर्मको हिस्सेदार वा सञ्चालक हुन र

(ग) कुनै व्यवसाय चलाउन।

**३०.गाउँपालिकाको काममा थाहा पाएका कुराहरु प्रकाशन गर्न नहुने:** नगर प्रहरी कर्मचारीले गाउँपालिकाद्वारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय तह वा गैह्रसरकारी संघसंस्थाबाट प्राप्त गरेको वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनाधिकृत कर्मचारीलाई वा गैह्रसरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाई जानकारी दिन हुँदैन।

**३१. रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुने:** नगर प्रहरी कर्मचारीले गाउँपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न वा रेडियोद्वारा प्रसारण गर्न हुँदैन।

**३२.गाउँपालिकाको आलोचना:** नगर प्रहरी कर्मचारीले कुनै कुराको आलोचना गर्दा गाउँपालिकाको नीतिको बिरुद्ध असर पर्ने गरी वा गाउँपालिका र गाउँपालिकाबासीमा खलल पुग्ने गरी भाषण, सम्वाद, लेख रचना गर्नु हुँदैन।

**३३.निर्वाचनमा भाग लिन नहुने:** नगर प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुँदैन।

**३४. राजनीतिमा भाग लिन नहुने:** नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्न हुँदैन।

**३५. समय पालन र नियमितताः** नगर प्रहरी कर्मचारीले ठीक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र साधारणतया पहिले विदाको निकासा नलिई काममा अनुपस्थित हुनु हुँदैन।

**३६.अनुशासन र आज्ञापालनः**

(१) नगर प्रहरी कर्मचारीले आफ्नो कर्तव्य तत्परताको साथ पालन गर्नुपर्दछ।

(२) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफुभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकतासाथ पालन गर्नुपर्दछ।

(३) नगर प्रहरी कर्मचारीले आफुभन्दा माथिका सबै अधिकृतहरु प्रति उचित आदर देखाउनुपर्नेछ।

**३७.नगर प्रहरी कर्मचारीले बाहिरी प्रभाव पार्न नहुनेः** नगर प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्बन्धी कुरामा आफुभन्दा माथिका अधिकृतमाथि कुनै अनुचित प्रभाव पार्न अथवा प्रभाव पार्ने प्रयत्न गर्न हुँदैन।

**३८. ऐन विपरित विवाह गर्न नहुनेः-** बहुबिवाह, बालबिवाह,अनमोल बिवाह प्रतिबन्ध नगर प्रहरी कर्मचारीले मुलुकी ऐन बिहाबारीको महलको विपरीत हुने गरी विवाह गर्नु गराउनु हुँदैन।

## परिच्छेद —८

## कसुर तथा सजाय

**३९.सामान्य सजायः** उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछः-

(क) नसिहत दिने।

(ख) शारीरिक थकाई हुने –(फटिक) सजाय गर्ने।

(ग) तलव वृद्धि वा पदोन्नति रोक्का गर्ने।

(घ) तल्लो तहमा घटुवा गर्ने।

(ङ) लापरवाही गरी गाउँपालिकालाई नोक्सानी भएमा सम्पूर्ण वा आंशिक रुपमा तलव भत्ताबाट कट्टी गरी असुल गर्ने।

(च) भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने।

**४०.दर्जा र तलब घटाउनेः** कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलमा ओराल्न सक्ने र गाउँपालिकालाई हानि नोक्सानी पुऱ्याएको भएमा सो समेत निजबाट भराउन सक्नेछ।

(क) सन्तोषजनक काम नगरेमा।

(ख) अनुशासनहीनता गरेमा।

(ग) आचरणसम्बन्धी दफा उल्लंघन गरेमा।

(घ) नियुक्ति भएको एक वर्षभित्रै नोकरीबाट अलग हुन झुठ्ठा कारण देखाएमा।

(ङ) दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा।

(च) मनासिव कारण नभई वा विदा नलिई विदा बसेकोमा वा गैरहाजिर भएमा ।

(छ) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा ।

**४१. नोकरीबाट हटाउने वा बर्खास्त गर्ने:** देहायका अवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

(क) अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसकेमा ।

(ख) राजनीतिमा भाग लिएमा ।

(ग) बरावर अनुशासनहीनताको काम गरेमा ।

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी दोषि प्रमाणित भएमा ।

(ङ) डिउटीमा भएको अवस्थामा वा नरहेको अवस्थामा मादक पदार्थ सेवन गरी हिडेमा वा जथाभावी गरेमा ।

(च) भ्रष्टाचार गरेमा ।

(छ) आफ्नो पदको जिम्मेवारी अनुसार आचरण नगरेमा ।

(ज) आचरण सम्बन्धी नियमहरु बरावर उल्लंघन गरेमा ।

(झ) मनासिव कारण नभई वा विदा बसेमा वा गैरहाजिर भएमा ।

**४२. सजाय सम्बन्धी कार्यविधि**

(१) नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

(२) नगर प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न लागिएको उल्लेख गरी, हुन सक्ने सजाय समेत खुलाई सूचना दिई निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनुपर्नेछ ।

त्यस्तो सूचना दिदाँ लगाइएका आरोप स्पष्ट किटिएको हुनुपर्नेछ । त्यस्तो नगर प्रहरी कर्मचारीले सजाय गर्ने अधिकारीले तोकिएको म्यादभित्र आफ्नो सफाईको र प्रस्तावित सजायको सम्बन्धमा लिखित स्पष्टीकरण पेश गर्नुपर्नेछ ।

तर भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको नगर प्रहरी कर्मचारीको सम्बन्धमा यस दफा बमोजिमको कार्यविधिको रीत पुर्‍याउनु पर्ने छैन ।

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भइसकेको आधारमा कुनै नगर प्रहरी कर्मचारीलाई सजाय दिनुपर्ने भएमा सजाय गर्ने अधिकारीले निजलाई गर्न लागेको सजायको बारेमा सूचनासम्म दिनुपर्नेछ,

(ख) सफाई पेश गर्ने मौका दिन मनासिव नपर्ने भएमा सो कुराको टिप्पणी खडा गरी त्यस्ता नगर प्रहरी कर्मचारीलाई सफाई पेश गर्ने मौका दिनुपर्ने छैन् ,

(ग) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम वा अन्य कुनै अधिकृतद्धारा जाँचवुझ गराउन सक्नेछ । जाँचबुझ गर्ने अधिकारीले आवश्यकतानुसार सम्बन्धित नगर प्रहरी कर्मचारीसमेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ ,

(घ) कुनै नगर प्रहरी कर्मचारी माथि लागेको कुनै अभियोगको जाँचवुझ गर्नुपरेमा सजाय गर्ने अधिकारीले जाँचवुझ समाप्त नहुन्जेल सो नगर प्रहरी कर्मचारीलाई निलम्वन गर्न सक्नेछ ।तर यस्तो निलम्वनको अवधि ६ महिनाभन्दा बढी हुनेछैन,

(ङ) उपदफा (घ) बमोजिम निलम्वन अवस्थामा रहेको नगर प्रहरी कर्मचारीलाई निजले पाउने तलब भत्ताको एक चौथाई दिइनेछ,

(च) कुनै फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको नगर प्रहरी कर्मचारी थुनिएको अवधिभर स्वतः निलम्बित हुनेछ,

तर,

(क) निलम्वित कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाई पाएमा निजले सो अवधिको चौथाइ तलव पाएको भए सो कट्टा गरी र नपाएको भए पुरै (तलब वृद्धि हुने भएमा सो समेत) पाउने छ। कसुरदार ठहरिएमा निलम्बन भएका मितिदेखिको बाँकी तलब भत्ता पाउने छैन्,

(ख) कुनै कर्मचारी गाउँपालिकाको कामको सम्बन्धमा वा नेपाल सरकारबाट भएको कारवाहीको सिलसिलामा निलम्बन भएको नभई अरु नै कारणबाट निलम्बन रहन गएको रहेछ भने त्यसरी निलम्बन रहेको अवधिको तलब भत्ता पाउने छैन्

**४३. सजायको आदेश दिने:** जाँचवुझको काम समाप्त भएपछि सम्बन्धित नगर प्रहरी कर्मचारीलाई निज सित स्पष्टीकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टिकरण सन्तोषजनक नलागेमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनुपर्नेछ।

**४४. सेवाको अन्त्य गर्ने:** कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा निजको सेवा अन्त गर्नुपर्दा यस दफा बमोजिमको कार्यविधि अपनाउनु पर्ने छैन।

(क) परीक्षणकालमा रहने गरी नियुक्ति भएकोमा नियुक्ति सदर नहुदै,

(ख) स्वीकृत चिकित्सकको बोर्डले शारीरिक दृष्टिले अनुपयुक्त ठहऱ्याएमा।

## परिच्छेद —९
## अवकाश , उपदान र निवृत्तिभरण

**४५. अनिवार्य अवकाश:**

(१) यो ऐन जारी भएपछि करार सेवामा नियुक्ति भएका देहायका नगर प्रहरी कर्मचारीको देहाय वमोजिमको उमेर पुगेपछि वा निजको सेवा अवधि २९ वर्ष पुरा भएपछि निजलाई सेवाबाट अवकाश दिइनेछ।

क) नगर प्रहरी नायब निरीक्षक- ५८ वर्ष

(ख) नगर प्रहरी सहायक नायब निरीक्षक - ५८ वर्ष

(ग) नगर प्रहरी हवल्दार / नगर प्रहरी जवान - ५८ वर्ष

(२) उमेरको हद ,पदको अवधि वा सेवा अवधिमध्ये कुनै एक पुगेपछि नगर प्रहरी कर्मचारीले सेवाबाट अवकाश पाउने छ,

(३) कायम मुकायम मुकरर भएमा पदको अवधि लागु हुने छैन। तर तल्लो पदमा नोकरीको अवधि लागु हुने रहेछ भने कायम मुकायम मुकरर भएको पदमा पदोन्नति हुन नसके तल्लो पदको अवधि नै लागू हुनेछ।

स्पष्टीकरण नियमको प्रयोजनको लागि नगर प्रहरी कर्मचारीको उमेरको हिसाव गर्दा देहाय बमोजिम गरिनेछ

(क) नोकरीमा प्रवेश गरेको बेलामा निजले पेश गरेको शैक्षिक संस्थाको प्रमाणपत्रमा किटिएको जन्म मिति वा वर्षबाट हुन आउने उमेर।

(ख) त्यस्तौ अभिलेख नभएमा निजले नोकरीका प्रवेश गरेको बेलामा लेखिएको जन्म मिति वा वर्षबाट हुन आउने उमेर।

**४६. उपदान:**

(क) नगर प्रहरी कर्मचारीले उपदान पाउने छैनन्।

**४७. निवृत्तिभरणः**

(१) नगर प्रहरी कर्मचारीले निवृत्तिभरण पाउने छैनन् ।

(२) यस नियममा अन्यन्त्र जेसुकै कुरा लेखिएको भएता पनि नगर प्रहरी कर्मचारी डिउटीमा खटिएको वेला वा दैवि प्रकोप उद्धारको समयमा कुनै आकस्मिक दुर्घटनामा परी वा लडी अशक्त भएमा त्यस्तो नगर प्रहरी कर्मचारीलाई सेवाबाट अवकाश दिईनेछ र अशक्तताको आधारमा देहाय बमोजिमको समितिको सिफारिसमा एकमुष्ट राहत प्राप्त गर्नेछः

(क) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

ख) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(ग) प्रतिनिधि चिकित्सक, नेपाल सरकार मातहतको अस्पताल - सदस्य

(घ) प्रतिनिधि नगर प्रहरी प्रमुख - सदस्य

(ङ) प्रशासन शाखा प्रमुख - सदस्य सचिव

(३) दफा (२) बमोजिम गठित समितिलाई कुनै नगर प्रहरी कर्मचारीको मृत्यु आफ्नो कर्तव्य पालन गर्दा वा तालिम लिँदा दुर्घटना वा विपद् वा अन्य कुनै यस्तै प्रकारको घटनामा परी भएको हो वा होइन भन्ने अशक्तताको सम्बन्धमा निर्णय गर्ने समेत अधिकार हुनेछ ।

(४) सो सम्बन्धि अन्य विषयहरुमा गाउँकार्यपालिकाले गरेको निर्णय बमोजिम हुनेछ ।

## परिच्छेद —१०
## तलब, भत्ता

**४८.तलव भत्ताः**

नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिदेखि नेपाल सरकारले तोके बमोजिमको तलव(स्केल) पाउने छ । नेपाल प्रहरीले पाउने सुविधालाई आधार लिई तोके अनुसारको रासन भत्ता उपलब्ध गराइने छ ।

**४९.तलब ग्रेडः** नगर प्रहरी कर्मचारीले वार्षिक ग्रेड वृद्धि पाउने छैनन् ।

## परिच्छेद– ११
## तालिम

**५०. तालिमको व्यवस्थाः** नगर प्रहरी कर्मचारीलाई कार्यकुशल एवं दक्ष तुल्याउन राप्ती सोनारी गाउँपालिकाले तोकिए बमोजिमको आवश्यकतानुसार अन्य तालिम पनि दिन सकिनेछ ।

**५१. तालिम सञ्चालन हुने स्थानः** नगर प्रहरीको तालिम गाउँपालिकाले तोकिएको स्थानमा हुनेछ ।

**५२. तालिमको अवधिः** नगर प्रहरी सेवाको सबै नगर प्रहरीहरुको तालिमको कम्तिमा ४५ दिनको हुनेछ ।

**५३. तालिमको अनिवार्यताः**

(१) नगर प्रहरी सेवामा रहेका सबैमा नगर प्रहरी कर्मचारीहरुलाई आवश्यकतानुसार तालिम लिन अनिवार्य हुनेछ। यस्तो तालिममा सम्मिलित गराइएको नगर प्रहरी कर्मचारीहरुले लापरवाही देखाई आफ्नो व्यवसायिक ज्ञान प्रति उदासिनता तथा गैरजिम्मेवारी देखाएको व्यहोरा अभिलेखमा जनाइनेछ।

(२) व्यवसायिक तालिम हासिल गर्न उदासिनता देखाएको व्यहोरा अभिलेखमा जनाई सकेपछि निजहरुलाई पुनः एकपटक तालिमको मौका दिइनेछ। त्यसपछि पनि उदासिनता र गैरजिम्मेवारी देखाउनेलाई तल्लो पदमा झार्न वा सेवाबाट हटाउन सकिनेछ।

**५४. तालिम सफल भएमा**: देहाए तालिममा सफल हुने नगर प्रहरी कर्मचारीहरुको हकमा देहाय बमोजिम हुनेछः–

(क) नगर प्रहरी तालिममा सफल भएका र परीक्षण कालमा रहेका नगर प्रहरीहरु करार नियुक्तिका लागि सामान्यतया योग्य हुनेछन्।

**५५. समिति गठन हुने**: दफा ५४ मा उल्लेख भएको व्यवस्थालाई कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृतले तोके बमोजिमका अधिकृतहरु भएको एक समिति गठन हुनेछ। त्यस समितिले गरेको ठहर बमोजिम नियुक्ति गर्ने अधिकारीले निर्णय दिनेछ।

## परिच्छेद–१२
## पोशाक तथा चिन्ह

**५६. नगर प्रहरी पोशाकः**

(१) नगर प्रहरीको एक छुट्टै पोशाक हुनेछ। पोशाकमा नेपाल प्रहरीको पोशाकमा जस्तै तत् तत् ठाउँमा पद अनुसारको नाम एवंम् दर्ज्यानी चिन्ह रहनेछ। निजहरुको पोषाकको पाखुरा तर्फ राप्ती सोनारी गाउँपालिकाको छुट्टै लोगो चिन्ह रहनेछ।

(२) उपदफा एक बमोजिमको दर्ज्यानी चिन्ह देहाय बमोजिम हुनेछ।

क) नगर प्रहरी नायब निरीक्षकको कुममा दुई तारा।

(ख) नगर प्रहरी सहायक निरिक्षकको कुममा एक तारा।

(ग) नगर प्रहरी हवल्दारको कुममा तिन धर्का।

(घ) नगर प्रहरी जवानको कुममा फित्ता मात्र।

(३) एक आर्थिक वर्षमा गाउँपालिकाले नगर प्रहरीका सदस्यहरूलाई २ पटक पोशाक (यूनिफर्म), बेल्ट, टोपी, र १ जोर जुत्ता (कमाण्डो)उपलब्ध गराउनेछ।

**५७. सेरोमेनियल पोशाकः** अधिकृत कर्मचारीहरुको लागि तोकिए बमोजिमको सेरोमेनियल पोशाक हुनेछ।

## परिच्छेद–१३
## विविध

**५८. ऐन शंशोधन** : (१) यस ऐनको आवश्यक संशोधन राप्तिसोनारी गाउँपालिकाको गाउँ सभाले गर्न सक्नेछ ।

**५९. खारेजी र बचाऊ :** यस ऐनको उद्देश्य तथा विषय क्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघि भएका कार्यहरु यसै ऐन वमोजिम भएको मानिनेछ।

**६०.बाधा अड्काउ फुकाउः** राप्ती सोनारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत नगर प्रहरी कर्मचारीहरुको सेवा, शर्त, सुविधा र सञ्चालन यस ऐनमा व्यवस्था भएको हदसम्म यसै ऐन बमोजिम हुनेछ। यस ऐनमा व्यवस्था नभएका विषयहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ र सोमा नभएका व्यवस्थाहरुको हकमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम हुनेछ।

**६१. नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेः** गाउँ कार्यपालिकाले यस ऐनको कार्यान्वनको लागि आवश्यकता अनुसार नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ।

**आज्ञाले,**
**मणिराम खराल**
**प्रमुख प्रशासकीय अधिकृत**
**२०८३।०३।३१**